Vol.15 नेपाली
भिविन्न देशका बिदेसीहरुको लागि समाचार
Ota City Navigation
2021.3



# ओता सहर देनएनच्योफु सेसेरागी भवनको उद्घाटन गरिएको छ।



पानी र हरियालीले घेरेको ओता सहरद्वारा सञ्चालित देनएनच्योफु सेसेरागी पार्कमा प्रशस्त प्रकृति महसुस गर्न सकिन्छ। त्यहाँ 2021 साल जनवरी 16 तारिखमा सांस्कृतिक भवन "ओता सहर देनएनच्योफु सेसेरागी भवन" उद्घाटन गरिएको छ।
डिजाइनको जिम्मा लिनुभएको विश्व प्रसिद्ध आर्किटेक्ट केन्गो कुमा ज्यूले "वनको पिँढी" (विश्रामस्थल) लाई कन्सेप्ट बनाई, यसको डिजाइन गर्नुभएको छ।

## बहूद्देशीय कोठा र बैठक कोठा भाडामा लिन सकिन्छ।

अध्ययन, रुचिका गतिविधिहरू (साङ्गीतिक बाजा, चित्रकला आदि) को इभेन्ट आदिको लागि प्रयोग गर्न सकिन्छ।

## पुस्तक सेवा कर्नर

ओता सहरद्वारा सञ्चालित पुस्तकालयमा भएको सामग्रीको रिजर्भेसन तथा सामग्री लिन र फिर्ता गर्न सकिन्छ।

## आराम गर्ने ठाउँ


फ्री Wi-Fi को प्रयोग गर्न सकिनुका साथै सेसेरागी पार्कको प्रकृति महसुस गर्दै आरामदायी वातावरणमा समय बिताउन सकिन्छ। साथै किताब पढ्न पनि सकिन्छ।

## किड्स् स्पेस

शिशु स्तनपान कोठा र डाइपर परिवर्तन टेबुलको व्यवस्था गरिएको हुनाले, बालबालिका लिएर हिँडडुल गर्न आउनुहुने व्यक्तिहरूले पनि ढुक्क भएर प्रयोग गर्न सक्नुहुन्छ। साथै बालबालिकाले किताब पढ्न सक्ने डेस्क र मेच पनि छ।

## क्याफे

पाउरोटी र कफी बिक्री गरिनुका साथै खानाको मज्जा लिन सकिन्छ।



बहूद्देश्यीय कोठा 1



बैठक कोठा



जापानी शैलीको कोठा



क्याफे

| | |
|---|---|
| रिसेप्शन खुला रहने समय | 9:00 am~7:00 pm |
| भवन खुला रहने समय | 9:00 am~10:00 pm |
| भवन बन्द रहने दिन | हरेक महिनाको दोस्रो बिहीबार (बिहीबार सार्वजनिक बिदा भएमा, त्यसको भोलिपल्ट), वर्षको अन्त्य तथा सुरुको अवधि (डिसेम्बर 29 तारिख~जनवरी 3 तारिख) |
| सम्पर्क | ओता सहर देनएनच्योफु सेसेरागी भवन<br>ओता सहर देनएनच्योफु 1-53-12<br>☎ 03-3722-5192 FAX 03-5755-5295<br>URL https://www.den-en-seseragi.jp/ |

